# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## २०८१ बैशाख-असार

## सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण

राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

# स्वतः प्रकाशन (Proactive Disclours)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरूको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक उल्लेख गरिएका छन् । सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन गठित यस स्वतन्त्र आयोगले २०८१ बैशाख-असार अवधिमा सम्पादित प्रमुख कार्यहरू अन्य निकायका लागि नमूना मार्गदर्शक समेत होस् भनी प्रकाशित गरेका छौँ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ अनुरुप माग भएका सूचनाहरू उपलब्ध नगराउने विरुद्ध प्राप्त उजुरी, निवेदन तथा पुनरावेदनका आधारमा सार्वजनिक निकायमा सूचना उपलब्ध गराउनु भन्ने आदेश जारी हुँदै आएको छ । आयोगबाट भएको आदेश पालना नगर्ने सार्वजनिक निकायहरूलाई सूचनाको हकसम्बन्धी ऐन र नियमावली बमोजिम जरिवानासमेत हुँदै आएको छ । यस अवधिमा ३७६ वटा पुनरावेदन आयोगमा दर्ता भएका छन् । ती सबै उजुरी पुनरावेदन तथा निवेदन उपर आयोगबाट यथोचित कारवाही भएको छ ।

यसै क्रममा, आयोगले आफ्नो नियमित विवरण प्रकाशित गर्दै आएको सन्दर्भमा आ. ब. २०८०/८१ सालको बैशाख, जेठ र असार महिनामा सम्पादित कामको विवरण प्रस्तुत गरेको छ । यसलाई आयोगले तीन महिना सम्पन्न भएको तोकिएको समयभित्र प्रकाशित गरेको छ । यसै बमोजिम सबै सार्वजनिक निकाय स्वयम् अग्रसर भई आ-आफ्नो विवरण सार्वजनिक गर्न आयोग आग्रह गर्दछ ।

**राष्ट्रिय सूचना आयोग**

**काठमाडौं**

मिति : २०८१ साउन ५ गते

# विषयसूची


१. आयोगको स्वरुप र प्रकृति

२. आयोगको काम, कर्तव्य र अधिकार

३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण

४. आयोगबाट प्रदान गरिने सेवा

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

९. सम्पादन गरेको कामको विवरण

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

१३. तोकिए बमोजिमका अन्य विवरण

१४. आ. व. ०८०/८१ (बैशाख-असार) मा सञ्चालित कार्यक्रमहरू

१५. सार्वजनिक निकायको वेबसाइट

१६. आयोगले प्राप्त भएको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण

१७. आयोगले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन

१८. आयोगले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

१९. आयोगमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय

२०. आयोगका सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

# राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण

**२०८१ बैशाख-असार**

**सम्मको विवरण**

## १. आयोगको स्वरुप र प्रकृति

सूचनाको हकसम्वन्धी ऐन, २०६४ अनुसार राष्ट्रिय सूचना आयोगको स्थापना भएको हो । यो आयोगमा एक जना प्रमुख सूचना आयुक्त र एक जना महिला सहित दुई जना सूचना आयुक्त रहने व्यवस्था छ । नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत आयोगको प्रशासकीय प्रमुख रहने व्यवस्था छ । आयोगले सार्वजनिक निकायमा रहेका सूचना नागरिकको पहुँचमा पुऱ्याउने, खुला र पारदर्शी संस्कृतिको विकास गर्ने, सार्वजनिक पदाधिकारीलाई जिम्मेवार तथा जवाफदेही बनाउने, सूचना सार्वजनिक गराउन सम्बन्धित निकायलाई आदेश दिने लगायतका काम गर्नुका साथै सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले त्यस्तो सार्वजनिक गर्नु पर्ने सूचना सार्वजनिक नगरे वा मागकर्तालाई नदिएमा उजुरी, पुनरावेदन सुन्ने तथा सजाय समेत गर्दछ । हाल आयोगको केन्द्रीय कार्यालय काठमाडौंको त्रिपुरेश्वरमा रहेको छ ।

**क) आयोगको दूरदृष्टि**

विकास, समृद्धि र सुशासनका लागि सूचनाको हकको प्रयोगबाट सुसूचित समाजको सिर्जना गर्ने ।

**ख) लक्ष्य**

व्यक्तिगत मौलिक हकको संरक्षण गर्दै सूचना माथि नागरिकको पहुँच अभिबृद्धि गर्ने ।

**ग) उद्देश्य**

१. सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन राष्ट्रिय सूचना आयोगको कार्यान्वयन क्षमताको अभिबृद्धि गर्ने ।

२. छनौट भएका केन्द्रीय र स्थानीय सार्वजनिक निकायहरूमा सूचनाको माग र प्राप्ति सम्बन्धी व्यवस्थालाई सुदृढ गराउदै लैजाने ।

३. सूचनाको मागमा वृद्धिका लागि क्रियाशील संस्थाहरूलाई अभिप्रेरित गर्ने तथा सहजीकरण गर्दै कार्यक्षमतामा अभिबृद्धि गर्नुको साथै सहजीकरण गर्दै लैजाने र आपूर्ति पक्षसँग सहजीकरण गर्ने ।

**घ) रणनीतिक प्राथमिकताहरू**

१. सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोगको क्षमता अभिबृद्धि गर्ने ।

२. सूचनाको हकको कार्यान्वयनको लागि उपर्युक्त वातावरण निर्माण गर्ने ।

३. सूचनाको हकको कार्यान्वयनमा जवाफदेही, स्वःस्फूर्त र क्रियाशील संस्थाहरूको अभिबृद्धि गर्ने ।

## २. आयोगको काम, कर्तव्य र अधिकार

**सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छः**

२.१ आयोग समक्ष परेको पुनरावेदन, निवेदन, उजुरी सुन्ने र तत्सम्बन्धी निर्णय र आदेश दिने ।

२.२. सूचनादाताको संरक्षण गर्ने ।

२.३. सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले मनासिव कारणबिना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रुपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने ।

२.४. क्षतिपूर्तिको लागि प्राप्त निवेदन उपर वास्तविक हानि नोक्सानीलाई विचार गरी मनासिब माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराई दिन सक्ने ।

२.५. सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना सम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने ।

२.६. त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्री सम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्न आदेश दिने ।

२.७. नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

२.८. समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

२.९. यस ऐन बमोजिमको दायित्व पालना गर्न, गराउन सम्बन्धित पक्षलाई आदेश दिने ।

२.१०. नेपाल सरकार तथा सूचना तथा संचारसँग सम्बन्धित विभिन्न निकायहरूलाई सूचनाको हकको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने ।

२.११. सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने आदि ।


## ३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण :

आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्ने कानूनी प्रावधान रहेको छ । हाल आयोगमा देहाय बमोजिमको ३७ स्विकृत दरवन्दीमध्ये पूर्ति दरवन्दी ३२ जना र रिक्त दरबन्दी ३ कर्मचारी कार्यरत रहेका छन् ।

| | | |
|---|---|---|
| ३.१ | स्वीकृत कर्मचारी दरवन्दी संख्या | ३७ जना |
| ३.२ | स्थायी कर्मचारी दरबन्दी संख्या | २० जना |
| ३.३ | करार सेवा कर्मचारी | १७ जना |

# राष्ट्रिय सूचना आयोगको संगठन संरचना

अनुसूची-१.१



**स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार आयोगमा निम्न बमोजिम शाखाहरू रहेका छन् र यी शाखाहरूको कार्यहरू देहाय अनुसार रहेको छ ।**

**३.१ प्रशासन शाखा**

- कर्मचारी प्रशासन सम्बन्धी काम गर्ने ।
- आन्तरिक प्रशासन सम्बन्धी काम गर्ने ।
- जिन्सी व्यवस्थापन गर्ने ।
- आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने ।
- वार्षिक कार्यक्रम तर्जुमा गर्ने ।
- स्वीकृत कार्यक्रम सञ्चालन गर्ने गराउने ।

**३.२ योजना, अनुगमन तथा प्रवर्द्धन शाखा**

- प्रचार प्रसार सामाग्रीहरूको निर्माण, प्रकाशन तथा प्रशारण गर्ने ।
- सम्बन्धित सरोकारवाला निकाय, संघ सँस्था तथा गैरसरकारी सँस्थासँग समन्वय गरी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने ।
- गोष्ठी/सेमिनारहरूको सञ्चालन तथा व्यवस्थापन गर्ने ।
- कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन, समन्वय, सुपरिवेक्षण र प्रतिवेदन सम्बन्धी कार्य गर्ने ।
- सूचनाको हकसम्बन्धी प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्ने ।
- सूचनाको हकसम्बन्धी सभा, गोष्ठी तथा सेमिनारमा भाग लिने ।

**३.३ पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा**

- सार्वजनिक निकायको प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोग समक्ष दिएको पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउने, कुनै लिखत पेश गर्न लगाउने, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्ने तथा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने सम्बन्धी ।
- पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने सम्बन्धी ।
- पुनरावेदन निरर्थक देखिएमा खारेज गर्ने सम्बन्धी ।
- सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने सम्बन्धी ।

**४. आयोगबाट प्रदान गरिने सेवा :**

४.१ आयोग समक्ष परेको पुनरावेदन, निवेदन, उजुरी सुन्ने र तत्सम्बन्धी निर्णय र आदेश दिने ।

४.२. सूचनादाताको संरक्षण गर्ने ।

४.४. क्षतिपूर्तिको निवेदन परेमा मनासिब माफिकको क्षतिपूर्ति भराई दिने ।

४.५. समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

४.६ सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने आदि ।

# राष्ट्रिय सूचना आयोगको
# नागरिक बडापत्र

| क्र.सं. | सेवाको किसिम | सेवा प्रदान गर्ने शाखा | तल्ला | सेवा प्रदान गर्ने कर्मचारीहरू | निर्णय प्रक्रिया तथा सेवा प्राप्त गर्न पेश गर्नुपर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने समय | उजुरी/ गुनासो | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | - सार्वजनिक निकायबाट सूचना नपाएको, गलत वा अधुरो सूचना पाएको सम्बन्धमा पुनरावेदन | पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा | भुँई तल्ला | उप सचिव (न्याय, कानून) ९८५१२४४६६५ | - सार्वजनिक निकायको प्रमुखले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोगसमक्ष पुनरावेदन दिनसक्ने ।<br>- यसरी प्राप्त पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने ।<br>- पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने ।<br>- पुनरावेदन निरर्थक देखिएमा वा सूचना उपलब्ध गराएमा पुनरावेदन खारेज गर्ने ।<br>- सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने र आयोगको आदेशको कार्यान्वयनको अनुगमन गर्ने । | ६० दिनभित्र | प्रमुख सूचना आयुक्त समक्ष उजुरी गर्न सकिने | नि:शुल्क |
| | - सूचना दुरुपयोग सम्बन्धी उजुरी | | | | - सार्वजनिक निकायले सूचना दुरुपयोग गरेको प्रमाण सहित आयोग समक्ष उजुरी दिन सक्ने ।<br>- आयोगबाट उजुरी जाँचबुझ गर्दा उजुरी मनासिब देखिएमा दुरुपयोगकर्तालाई पाँच हजार रुपैयाँ देखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने । | | | |
| | - सूचना दाताको संरक्षण सम्बन्धी उजुरी | | | | - ऐनको दफा २९ को उपदफा (१) बमोजिम सूचना दिएको कारणले सूचनादातालाई उपदफा (३) बमोजिमको सजायँ भएमा सूचनादाताले निर्णय बदर गराउन र क्षतिपूर्ति माग सहित आयोगमा उजुरी गर्न सक्ने ।<br>- आयोगबाट उजुरी जाँचबुझ गर्दा उजुरी मनासिब देखिएमा त्यस्तो निर्णय बदर गर्न र सूचनादातालाई क्षतिपुर्ति भराउन आदेश दिन सक्ने । | | | |
| २. | योजना तर्जुमा गर्ने, सूचनाको हकको प्रवर्द्धन गर्ने तथा अनुगमन गर्ने | योजना तथा प्रवर्द्धन शाखा | पहिलो तल्ला | उप सचिव (प्रशासन, सा. प्र.) | - योजना तथा प्रवर्द्धन शाखा प्रमुखले बार्षिक रूपमा सञ्चालन गर्ने कार्यक्रम तयार गर्ने ।<br>- स्वीकृत बार्षिक कार्यक्रम अनुसार गर्नुपर्ने कामहरूको बजेट, कार्यक्रम र औचित्यसमेत विचार गरी कार्यक्रम सञ्चालनको लागि अवधारणा तयार गर्ने र कार्यान्वयन गर्ने ।<br>- सूचना परियोजना कार्यान्वयन गर्ने । | निरन्तर | सचिव (रा. प. प्रथम) | नि:शुल्क |
| ३. | आयोगको दैनिक प्रशासन सञ्चालन | प्रशासन शाखा | पहिलो तल्ला | उप सचिव (प्रशासन, सा. प्र.) | - कर्मचारी प्रशासन, आर्थिक प्रशासन, आन्तरिक प्रशासन गर्ने ।<br>- स्टोर व्यवस्थापन लगायत सबै काम गर्ने ।<br>- आयोगसँग सम्बन्धित सूचना माग भएबमोजिम उपलब्ध गराउने । | निरन्तर | सचिव (रा. प. प्रथम) | नि:शुल्क |

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

| सि.नं. | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १. | प्रशासन शाखा | श्री लक्ष्मण विक्रम थापा | उप सचिव | २०८१।०३।२८ सम्म |
| | | श्री हरिहर कार्की | शाखा अधिकृत | |
| | | श्री प्रिता दाहाल | कम्प्युटर इन्जिनियर | |
| | | श्री शान्ता न्यौपाने | नायव सुब्बा | |
| | | श्री योजश खत्री | नायब सुब्बा | |
| | | श्री मोहन ज्ञवाली | कम्प्युटर अपरेटर | |
| २. | योजना तथा प्रवर्द्धन शाखा | श्री सन्तोष दाहाल | उपसचिव | |
| | | श्री डिल्लीराम भट्ट | शाखा अधिकृत | |
| | | श्री जीवन कुँवर | शाखा अधिकृत | |
| | | श्री सृजना ज्ञवाली | नायव सुब्बा | |
| ३. | पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा | श्री सुदर्शन ढकाल | उप सचिव (कानून) | |
| | | | कानून अधिकृत | |
| | | श्री सालिकराम भट्टराई | शाखा अधिकृत | |
| | | श्री रञ्जना कुमारी दाहाल | नायव सुव्वा | |
| | | श्री गौरव गुरुङ्ग | कम्प्युटर अपरेटर | |
| ४. | सचिवालय | श्री शर्मिला महर्जन | शाखा अधिकृत | प्रमुख सूचना आयुक्त |
| | | श्री मन्दिरा महर्जन | शाखा अधिकृत | सूचना आयुक्त |
| | | श्री युग कुमारी ढकाल | नायव सुव्वा | सूचना आयुक्त |
| ५. | आर्थिक प्रशासन शाखा | श्री अशोक न्यौपाने | लेखा अधिकृत | |
| | | श्री लक्ष्मण अर्याल | लेखापाल | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

दश पेजसम्मको सूचना निः शुल्क प्राप्त हुने र सो भन्दा माथि भएमा प्रति पेज रु ५।– दस्तुर लाग्ने, सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने । आयोगमा परेका उजुरी, निवेदन र पुनरावेदनको सम्बन्धमा कुनै दस्तुर नलाग्ने ।

## ७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

नागरिकले माग गरेको सूचना १५ दिनभित्र पनि सूचना अधिकारीले उपलब्ध नगराए नागरिक सूचना अधिकारी विरुद्ध उजुरी गर्न कार्यालय प्रमुख समक्ष जानुपर्नेछ । कार्यालय प्रमुख समक्ष उजुरी परेको ७ दिनभित्र कार्यालय प्रमुखले सूचना अधिकारीमार्फत् वा आफैं नागरिकलाई सूचना उपलब्ध गराउनुपर्छ । ७ दिनभित्र कार्यालय प्रमुखले पनि नागरिकलाई सूचना उपलब्ध नगराए नागरिकले त्यसको ३५ दिनभित्र सूचना अधिकारी र कार्यालय प्रमुख विरुद्ध राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सक्नेछन् ।

**निर्णय गर्ने अधिकारी**

सचिव होम प्रसाद लुइटेल

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सचिव होम प्रसाद लुइटेल

## ९. सम्पादन गरेको कामको विवरण (२०८१ बैशाख-असार)

१. आयोग स्थापना दिवस

२. सूचनाको हकमार्फत महिला सशक्तीकरण अन्तरक्रिया कार्यक्रम, हेटौँडा

३. सिन्धुली जिल्लामा जिल्लास्तरीय अभिमुखीकरण कार्यक्रम

४. मेलम्ची स्थित इन्द्रेश्वरी मा. वि. का विद्यार्थीका लागि विद्यालयस्तरीय सूचनाको हकको अभिमुखी कार्यक्रम ।

५. मकवानपुरको हेटौँडा क्याम्पसको सभाहलमा श्री भुटनदेवी मा. वि., श्री आधुनिक राष्ट्रिय मा. वि., श्री श्रमिक मा. वि. का विद्यार्थीका लागि विद्यालयस्तरीय सूचनाको हकको अभिमुखी कार्यक्रम ।

६. १५ औं International Conference of Information Commissioners को सम्मेलनमा सहभागी

## १०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

१. कार्यालय प्रमुख सचिव श्री होम प्रसाद लुइटेल

२. सूचना अधिकारी उपसचिव (कानून) श्री सुदर्शन ढकाल

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

**नेपालको संविधान**

- सूचनाको हकसम्बन्धी ऐन, २०६४
- सूचनाको हकसम्बन्धी नियमावली, २०६५,
- सूचनाको हक कार्यान्वयन निर्देशिका, २०६७
- सरकारी निकायले स्वतः प्रकाशन गर्नु पर्ने विवरण सम्बन्धी निर्देशिका,२०७१
- राष्ट्रिय सूचना आयोगका पदाधिकारीहरूको आचार संहिता, २०७७
- राष्ट्रिय सूचना आयोगका कर्मचारीहरूको आचारसंहिता,२०७१
- आयोगको बैठक व्यवस्था सम्बन्धी कार्यविधि, २०७२
- निवेदनको कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- उजुरी कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- पुनरावेदन कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- सूचना अधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी निर्देशिका, २०७३
- राष्ट्रिय सूचना आयोगको इजलास सञ्चालन सम्बन्धी निर्देशिका, २०७५
- सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६

# १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

बजेट उपशीर्षक नम्बरः ३५८२१०११४

आयोजना/कार्यक्रम नामः राष्ट्रिय सूचना आयोग

महिनाः असार

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| **31123 फर्निचर तथा फिक्चर्स** | | | | | **२००,०००.००** | **१९८,३८२.००** | **१९८,३८२.००** | **०.००** | **१९८,३८२.००** | **०.००** | **१९८,३८२.००** | **१,६१८.००** |
| | 1100001-नेपाल सरकार | 02-नगद (आन्तरिक ऋण) | | | २००,०००.०० | १९८,३८२.०० | १९८,३८२.०० | ०.०० | १९८,३८२.०० | ०.०० | १९८,३८२.०० | १,६१८.०० |
| **जम्मा** | | | | | **२००,०००.००** | **१९८,३८२.००** | **१९८,३८२.००** | **०.००** | **१९८,३८२.००** | **०.००** | **१९८,३८२.००** | **१,६१८.००** |

स्रोतगत

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **1100001-नेपाल सरकार** | **२००,०००.००** | **१९८,३८२.००** | **१९८,३८२.००** | **०.००** | **१९८,३८२.००** | **०.००** | **१९८,३८२.००** | **१,६१८.००** |
| | 02-नगद (आन्तरिक ऋण) | २००,०००.०० | १९८,३८२.०० | १९८,३८२.०० | ०.०० | १९८,३८२.०० | ०.०० | १९८,३८२.०० | १,६१८.०० |
| **जम्मा** | | **२००,०००.००** | **१९८,३८२.००** | **१९८,३८२.००** | **०.००** | **१९८,३८२.००** | **०.००** | **१९८,३८२.००** | **१,६१८.००** |

बजेट उपशीर्षक नम्बरः ३५८२१०११३

आर्थिक वर्षः २०८०/८१

आयोजना/कार्यक्रम नामः राष्ट्रिय सूचना आयोग

महिनाः असार

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| **21111 पारिश्रमिक कर्मचारी** | | | | | **१४,३००,०००.००** | **१३,४८०,३०६.९६** | **१२,३५६,८८०.८२** | **१,१२३,४२६.१४** | **१३,४८०,३०६.९६** | **०.००** | **१३,४८०,३०६.९६** | **८१९,६९३.०४** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १४,३००,०००.०० | १३,४८०,३०६.९६ | १२,३५६,८८०.८२ | १,१२३,४२६.१४ | १३,४८०,३०६.९६ | ०.०० | १३,४८०,३०६.९६ | ८१९,६९३.०४ |
| **21112 पारिश्रमिक पदाधिकारी** | | | | | **३,३००,०००.००** | **३,२९९,५३८.००** | **३,०५८,४९६.३०** | **२४१,०४१.७०** | **३,२९९,५३८.००** | **०.००** | **३,२९९,५३८.००** | **४६२.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३,३००,०००.०० | ३,२९९,५३८.०० | ३,०५८,४९६.३० | २४१,०४१.७० | ३,२९९,५३८.०० | ०.०० | ३,२९९,५३८.०० | ४६२.०० |
| **21121 पोशाक** | | | | | **२००,०००.००** | **२००,०००.००** | **२००,०००.००** | **०.००** | **२००,०००.००** | **०.००** | **२००,०००.००** | **०.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २००,०००.०० | २००,०००.०० | २००,०००.०० | ०.०० | २००,०००.०० | ०.०० | २००,०००.०० | ०.०० |
| **21123 औषधी उपचार खर्च** | | | | | **२००,०००.००** | **२००,०००.००** | **०.००** | **२००,०००.००** | **२००,०००.००** | **०.००** | **२००,०००.००** | **०.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २००,०००.०० | २००,०००.०० | ०.०० | २००,०००.०० | २००,०००.०० | ०.०० | २००,०००.०० | ०.०० |
| **21132 महंगी भत्ता** | | | | | **५००,०००.००** | **४५०,१३६.००** | **४१०,१३६.००** | **४०,०००.००** | **४५०,१३६.००** | **०.००** | **४५०,१३६.००** | **४९,८६४.००** |

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ५००,०००.०० | ४५०,१३६.०० | ४१०,१३६.०० | ४०,०००.०० | ४५०,१३६.०० | ०.०० | ४५०,१३६.०० | ४९,८६४.०० |
| **21134 कर्मचारीको बैठक भत्ता** | | | | | **२००,०००.००** | **४३,५००.००** | **०.००** | **४३,५००.००** | **४३,५००.००** | **०.००** | **४३,५००.००** | **१५६,५००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २००,०००.०० | ४३,५००.०० | ०.०० | ४३,५००.०० | ४३,५००.०० | ०.०० | ४३,५००.०० | १५६,५००.०० |
| **21139 अन्य भत्ता** | | | | | **१००,०००.००** | **३२,२००.००** | **१८,७००.००** | **१३,५००.००** | **३२,२००.००** | **०.००** | **३२,२००.००** | **६७,८००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ३२,२००.०० | १८,७००.०० | १३,५००.०० | ३२,२००.०० | ०.०० | ३२,२००.०० | ६७,८००.०० |
| **21141 पदाधिकारी बैठक भत्ता** | | | | | **२००,०००.००** | **२००,०००.००** | **१६४,०००.००** | **३६,०००.००** | **२००,०००.००** | **०.००** | **२००,०००.००** | **०.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २००,०००.०० | २००,०००.०० | १६४,०००.०० | ३६,०००.०० | २००,०००.०० | ०.०० | २००,०००.०० | ०.०० |
| **21213 योगदानमा आधारित बीमा कोष खर्च** | | | | | **१००,०००.००** | **९०,८००.००** | **८२,८००.००** | **८,०००.००** | **९०,८००.००** | **०.००** | **९०,८००.००** | **९,२००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ९०,८००.०० | ८२,८००.०० | ८,०००.०० | ९०,८००.०० | ०.०० | ९०,८००.०० | ९,२००.०० |
| **22111 पानी तथा बिजुली** | | | | | **५००,०००.००** | **४७२,४८०.००** | **३५३,७९४.००** | **११८,६८६.००** | **४७२,४८०.००** | **०.००** | **४७२,४८०.००** | **२७,५२०.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ५००,०००.०० | ४७२,४८०.०० | ३५३,७९४.०० | ११८,६८६.०० | ४७२,४८०.०० | ०.०० | ४७२,४८०.०० | २७,५२०.०० |
| **22112 संचार महसुल** | | | | | **९००,०००.००** | **५२४,८४४.००** | **४३२,०८४.००** | **९२,७६०.००** | **५२४,८४४.००** | **०.००** | **५२४,८४४.००** | **३७५,१५६.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ९००,०००.०० | ५२४,८४४.०० | ४३२,०८४.०० | ९२,७६०.०० | ५२४,८४४.०० | ०.०० | ५२४,८४४.०० | ३७५,१५६.०० |
| **22211 इन्धन (पदाधिकारी)** | | | | | **१,०००,०००.००** | **८०५,७४९.००** | **५८७,४९८.००** | **२१८,२५१.००** | **८०५,७४९.००** | **०.००** | **८०५,७४९.००** | **१९४,२५१.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १,०००,०००.०० | ८०५,७४९.०० | ५८७,४९८.०० | २१८,२५१.०० | ८०५,७४९.०० | ०.०० | ८०५,७४९.०० | १९४,२५१.०० |
| **22212 इन्धन (कार्यालय प्रयोजन)** | | | | | **९००,०००.००** | **७८६,४४४.००** | **७१०,६४१.००** | **७५,८०३.००** | **७८६,४४४.००** | **०.००** | **७८६,४४४.००** | **११३,५५६.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ९००,०००.०० | ७८६,४४४.०० | ७१०,६४१.०० | ७५,८०३.०० | ७८६,४४४.०० | ०.०० | ७८६,४४४.०० | ११३,५५६.०० |
| **22213 सवारी साधन मर्मत खर्च** | | | | | **१,२००,०००.००** | **१,१६८,६५३.५०** | **१,०७२,५६८.५०** | **९६,०८५.००** | **१,१६८,६५३.५०** | **०.००** | **१,१६८,६५३.५०** | **३१,३४६.५०** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १,२००,०००.०० | १,१६८,६५३.५० | १,०७२,५६८.५० | ९६,०८५.०० | १,१६८,६५३.५० | ०.०० | १,१६८,६५३.५० | ३१,३४६.५० |
| **22214 वीमा तथा नवीकरण खर्च** | | | | | **५००,०००.००** | **२७३,५६५.००** | **३५०,०००.००** | **-७६,४३५.००** | **२७३,५६५.००** | **०.००** | **२७३,५६५.००** | **२२६,४३५.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ५००,०००.०० | २७३,५६५.०० | ३५०,०००.०० | -७६,४३५.०० | २७३,५६५.०० | ०.०० | २७३,५६५.०० | २२६,४३५.०० |
| **22221 मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च** | | | | | **१००,०००.००** | **९९,६५५.४०** | **९९,६५५.४०** | **०.००** | **९९,६५५.४०** | **०.००** | **९९,६५५.४०** | **३४४.६०** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ९९,६५५.४० | ९९,६५५.४० | ०.०० | ९९,६५५.४० | ०.०० | ९९,६५५.४० | ३४४.६० |
| **22311 मसलन्द तथा कार्यालय सामाग्री** | | | | | **१,३००,०००.००** | **१,२९८,९०४.४०** | **१,१४१,७९४.४०** | **१५७,११०.००** | **१,२९८,९०४.४०** | **०.००** | **१,२९८,९०४.४०** | **१,०९५.६०** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १,३००,०००.०० | १,२९८,९०४.४० | १,१४१,७९४.४० | १५७,११०.०० | १,२९८,९०४.४० | ०.०० | १,२९८,९०४.४० | १,०९५.६० |
| **22313 पुस्तक तथा सामग्री खर्च** | | | | | **१००,०००.००** | **२१,६९६.६०** | **१२,९०१.६०** | **८,७९५.००** | **२१,६९६.६०** | **०.००** | **२१,६९६.६०** | **७८,३०३.४०** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | २१,६९६.६० | १२,९०१.६० | ८,७९५.०० | २१,६९६.६० | ०.०० | २१,६९६.६० | ७८,३०३.४० |
| **22314 इन्धन - अन्य प्रयोजन** | | | | | **१००,०००.००** | **५६,१२६.००** | **३८,०६०.००** | **१८,०६६.००** | **५६,१२६.००** | **०.००** | **५६,१२६.००** | **४३,८७४.००** |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ५६,१२६.०० | ३८,०६०.०० | १८,०६६.०० | ५६,१२६.०० | ०.०० | ५६,१२६.०० | ४३,८७४.०० |
| **22315 पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च** | | | | | **२००,०००.००** | **१९३,३८७.००** | **१४०,१२७.००** | **५३,२६०.००** | **१९३,३८७.००** | **०.००** | **१९३,३८७.००** | **६,६१३.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २००,०००.०० | १९३,३८७.०० | १४०,१२७.०० | ५३,२६०.०० | १९३,३८७.०० | ०.०० | १९३,३८७.०० | ६,६१३.०० |
| **22411 सेवा र परामर्श खर्च** | | | | | **३००,०००.००** | **१८८,८९०.००** | **१५९,५१०.००** | **२९,३८०.००** | **१८८,८९०.००** | **०.००** | **१८८,८९०.००** | **१११,११०.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३००,०००.०० | १८८,८९०.०० | १५९,५१०.०० | २९,३८०.०० | १८८,८९०.०० | ०.०० | १८८,८९०.०० | १११,११०.०० |
| **22413 करार सेवा शुल्क** | | | | | **६,५००,०००.००** | **५,९६६,३५४.००** | **५,५१८,९३२.००** | **४४७,४२२.००** | **५,९६६,३५४.००** | **०.००** | **५,९६६,३५४.००** | **५३३,६४६.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ६,५००,०००.०० | ५,९६६,३५४.०० | ५,५१८,९३२.०० | ४४७,४२२.०० | ५,९६६,३५४.०० | ०.०० | ५,९६६,३५४.०० | ५३३,६४६.०० |
| **22512 सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च** | | | | | **३,०००,०००.००** | **२,६५४,५०५.००** | **२,०६३,९०५.००** | **५९०,६००.००** | **२,६५४,५०५.००** | **०.००** | **२,६५४,५०५.००** | **३४५,४९५.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३,०००,०००.०० | २,६५४,५०५.०० | २,०६३,९०५.०० | ५९०,६००.०० | २,६५४,५०५.०० | ०.०० | २,६५४,५०५.०० | ३४५,४९५.०० |
| **22522 कार्यक्रम खर्च** | | | | | **३,०००,०००.००** | **२,४२२,९६०.००** | **१,३७१,०९८.००** | **१,०५१,८६२.००** | **२,४२२,९६०.००** | **०.००** | **२,४२२,९६०.००** | **५७७,०४०.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३,०००,०००.०० | २,४२२,९६०.०० | १,३७१,०९८.०० | १,०५१,८६२.०० | २,४२२,९६०.०० | ०.०० | २,४२२,९६०.०० | ५७७,०४०.०० |
| **22529 विविध कार्यक्रम खर्च** | | | | | **५,५००,०००.००** | **४,८५८,३३३.००** | **४,७३६,२३८.००** | **१२२,०९५.००** | **४,८५८,३३३.००** | **०.००** | **४,८५८,३३३.००** | **६४१,६६७.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ५,५००,०००.०० | ४,८५८,३३३.०० | ४,७३६,२३८.०० | १२२,०९५.०० | ४,८५८,३३३.०० | ०.०० | ४,८५८,३३३.०० | ६४१,६६७.०० |
| **22611 अनुगमन, मूल्यांकन खर्च** | | | | | **८००,०००.००** | **७४२,६००.००** | **६१३,८१०.००** | **१२८,७९०.००** | **७४२,६००.००** | **०.००** | **७४२,६००.००** | **५७,४००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ८००,०००.०० | ७४२,६००.०० | ६१३,८१०.०० | १२८,७९०.०० | ७४२,६००.०० | ०.०० | ७४२,६००.०० | ५७,४००.०० |
| **22612 भ्रमण खर्च** | | | | | **१,१०४,५००.००** | **१,०४९,१००.००** | **४४,६००.००** | **१,००४,५००.००** | **१,०४९,१००.००** | **०.००** | **१,०४९,१००.००** | **५५,४००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १,१०४,५००.०० | १,०४९,१००.०० | ४४,६००.०० | १,००४,५००.०० | १,०४९,१००.०० | ०.०० | १,०४९,१००.०० | ५५,४००.०० |
| **22711 विविध खर्च** | | | | | **७००,०००.००** | **५८७,०४०.९०** | **४३८,७६०.९०** | **१४८,२८०.००** | **५८७,०४०.९०** | **०.००** | **५८७,०४०.९०** | **११२,९५९.१०** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ७००,०००.०० | ५८७,०४०.९० | ४३८,७६०.९० | १४८,२८०.०० | ५८७,०४०.९० | ०.०० | ५८७,०४०.९० | ११२,९५९.१० |

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| **28142 घर भाडा** | | | | | ४,५००,०००.०० | ४६,८००.०० | ४२,९००.०० | ३,९००.०० | ४६,८००.०० | ०.०० | ४६,८००.०० | ४,४५३,२००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ४,५००,०००.०० | ४६,८००.०० | ४२,९००.०० | ३,९००.०० | ४६,८००.०० | ०.०० | ४६,८००.०० | ४,४५३,२००.०० |
| | **जम्मा** | | | | **५१,३०४,५००.००** | **४२,२१४,५६८.७६** | **३६,२१९,८९०.९२** | **५,९९४,६७७.८४** | **४२,२१४,५६८.७६** | **०.००** | **४२,२१४,५६८.७६** | **९,०८९,९३१.२४** |

स्रोतगत जम्मा

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **1100001-नेपाल सरकार** | | **५१,३०४,५००.००** | **४२,२१४,५६८.७६** | **३६,२१९,८९०.९२** | **५,९९४,६७७.८४** | **४२,२१४,५६८.७६** | **०.००** | **४२,२१४,५६८.७६** | **९,०८९,९३१.२४** |
| | 01-नगद | ५१,३०४,५००.०० | ४२,२१४,५६८.७६ | ३६,२१९,८९०.९२ | ५,९९४,६७७.८४ | ४२,२१४,५६८.७६ | ०.०० | ४२,२१४,५६८.७६ | ९,०८९,९३१.२४ |
| **जम्मा** | | **५१,३०४,५००.००** | **४२,२१४,५६८.७६** | **३६,२१९,८९०.९२** | **५,९९४,६७७.८४** | **४२,२१४,५६८.७६** | **०.००** | **४२,२१४,५६८.७६** | **९,०८९,९३१.२४** |

## १३. तोकिए बमोजिमका अन्य विवरण :

- चालु आ.व. ०८०/८१ (बैशाख-असार) मा उजुरी, निवेदन र पुनरावेदनको विवरण ५२६ वटा ।

| महिना | मुद्धा दर्ता संख्या | १०(२) आदेश | ३(क) आदेश | ३२(१)(२) बमोजि हुने चेतावनीको आदेश | ३(ख) आदेश | पत्राचार | इजलास संख्या |
|---|---|---|---|---|---|---|---|
| **बैशाख** | ११२ | ११४ | १२२ | ८ | ४९ | ३५६ | ९ |
| **जेठ** | २९३ | १९३ | १२२ | १ | २४ | २६६ | ९ |
| **असार** | १२१ | ३४ | ३५५ | ३ | १४० | ४४३ | १२ |

## १४. आ. व. ०८०/८१ (बैशाख-असार) मा सञ्चालित मुख्य मुख्य कार्यक्रमहरूको विवरण

### १४.१ जिल्लास्थित कार्यालय प्रमुख, सूचना अधिकारी लगायतहरूसँग अन्तरक्रिया कार्यक्रम

| सि.नं. | जिल्ला | मिति | सहभागी | खर्च |
|---|---|---|---|---|
| १ | सिन्धुली | २०८१।०३।१६ | ११५ | १५४,६६७।- |

### १४.२ अन्य कार्यक्रम

| सि.नं. | कार्यक्रमको नाम | मिति | सहभागी | खर्च |
|---|---|---|---|---|
| १ | स्थापना दिवस | २०८१।०१।२२ | १४० | २९७,६००।- |
| २ | महिला सशक्तीकरण | २०८१।०३।२० | १०५ | १३०,८००।- |
| ३. | विद्यालयस्तरीय कार्यक्रम, इन्द्रेश्वरी मा. वि., मेलम्ची | २०८१।०३।०२ | १२५ | १२६,१४०।- |
| ४. | विद्यालयस्तरीय कार्यक्रम, हेटौंडा क्याम्पस सभाहल, मकवानपुर | २०८१।०३।११ | १०० | ७९२९५।- |
| ५. | कर्मचारी क्षमता अभिबृद्धि तालिम कार्यक्रम | २०८१।०३।१४ र १५ | २८ | १७१,८००।- |

### १४.१ बुलेटिन प्रकाशन

- आयोगबाट भएका क्रियाकलाप तथा कार्यहरूबारे सबैमा जानकारी गराउनका साथै अभिलेखका रुपमा राख्न सकिने उद्देश्यबाट आयोगले सुरु गरेको त्रैमासिक प्रकाशन "सूचना मेरो अधिकार" बुलेटिन नेपालीमा प्रकाशन गर्ने गरिएको छ ।
- **आरटिआई जर्नल प्रकाशन गरिएको**

### १४.२ आयोगबाट मिति २०८१ बैशाख-असार मसान्तसम्म भएका बैठकका निर्णयहरू

**बैठक नं. २९३(३)५३**

**मिति २०८१।०१।१७**

**<u>निर्णय</u>**

**<u>प्रस्ताव नं. १ को सम्बन्धमा</u>**

राष्ट्रिय सूचना आयोगको १७ औं स्थापना दिवस सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूको प्रमुख आतिथ्यतामा भव्य रुपमा राष्ट्रपति कार्यालय, शितल निवासमा मनाउने र सो अवसरमा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीज्यू, नेपाल सरकारका सचिव, सूचनाको हकको अभियान्ताहरु, सूचना अधिकारीहरु लगायतको उपस्थिति रहने । विशेष समारोहमा सम्माननीय राष्ट्रपतिज्यूलाई आयोगले प्रकाशन गरेको सूचनाको अधिकार (A Journal of RTI) र ४ वटा राष्ट्र भाषा मैथली, भोजपुरी, अवधि र थारु भाषामा तयार गरिएको सूचना मागकर्ताका लागि सहयोगी पुस्तिका हस्तान्तरण गरी सार्वजनिक गर्ने ।

**<u>प्रस्ताव नं. २ को सम्बन्धमा</u>**

राष्ट्रिय सूचना आयोगद्वारा हरेक वर्ष प्रदान गरिँदै आएको विनय कसजु उत्कृष्ट अभियान्ता पुरस्कार र उत्कृष्ट सूचना अधिकारी पुरस्कारका लागि आवेदन माग गरिएकोमा आयोगका सचिवको संयोजकत्वमा रहेको सिफरिस समितिले पूर्व निर्धारित आधारमा मूल्याकंन गरी सबै भन्दा बढी अंक प्राप्त गर्ने देहाय बमोजिमका सूचनाको हकका अभियान्ता र सूचना अधिकारीको नाम सिफारिस भई आएकोमा स्वीकृत गर्ने निर्णय गरियो :

**१. विनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कारवाट पुरस्कृत गर्न सिफारिस गरिएका सूचनाको हकका अभियन्ताहरु**

| सि. नं | नाम | स्थायी ठेगाना | प्रदेश | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | श्री परशुराम साह | सिरहा न.पा.७,सिरहा | **मधेश प्रदेश** | **९१** |
| २ | श्री यदुनाथ बञ्जारा | पोखरा म.न.पा-१६ कास्की | **गण्डकी प्रदेश** | **९०** |
| ३ | श्री इन्द्र प्रसाद बन्जारा ( रमेश) | हेटौंडा उ.म.न.पा -८ मकवानपुर | **बागमती प्रदेश** | **७९** |
| ४ | श्री आदित्य दाहाल | मेलम्ची.न.पा-१० सिन्धुपाल्चोक | **बागमती प्रदेश** | **७७** |

**२. उत्कृट सूचना अधिकारी पुरस्कारवाट पुरस्कृत गर्न सिफारिस गरिएका सूचना अधिकारीहरु**

| सि. नं. | नाम | पद | कार्यालय | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | श्री ललितबहादुर बुढा | सूचना प्रविधि अधिकृत, छैठौं | पञ्चदेवल विनायक नगरपालिका,अछाम | **८०** |
| २ | श्री किशोर कुमार वाइवा | सूचना प्रविधि अधिकृत, छैठौं | घ्याङलेख गाउँपालिका,हायुटार,सिन्धुली | **७९** |
| ३ | श्री तुल बहादुर वि.क. | प्रशासकीय अधिकृत (सातौं) | गल्कोट नगरपालिका,बाग्लुङ | **४६** |
| ४ | श्री टेक बहादुर खत्री | जनस्वास्थ्य निरीक्षक/अधिकृत (छैठौं) | दंगीशरण गाउँपालिका,दाङ | **४४** |
| ५ | श्री डम्बर रोगु | प्रशासकीय अधिकृत (सातौं) | धनकुटा नगर कार्यपालिकाको कार्यालय,धनकुटा | **३८** |

**३. आयोगमा रही उत्कृष्ट काम गर्ने कर्मचारी पुरस्कृतका लागि सिफारिस गरिएका कर्मचारीहरु**

राष्ट्रिय सूचना आयोगमा कार्यरत आफूलाई प्राप्त जिम्मेवारी र सूचनाको हकको कार्यान्वयनका लागि नियमित रुपमा लागि रहेका उत्कृष्ट कर्मचारी पुरस्कार दिन देहायका कर्मचारीको नाम आयोगको सचिवालयबाट सिफारिस भई आएकोमा स्वीकृत गर्ने :

| सि.नं | कर्मचारी संकेत नं | पद | नाम,थर | आयोगमा पद स्थापना भएको मिति |
|---|---|---|---|---|
| १ | १८९७०९ | शाखा अधिकृत | श्री हरिहर कार्की | २०७६।०२।२२ |
| २ | १९०८४१ | नायव सुव्वा | श्री सान्ता न्यौपाने | २०७७।१०।२९ |
| ३ | २०२२७७ | लेखापाल | श्री लक्ष्मण अर्याल | २०७८।०५।०१ |
| ४ | करार सेवा | कम्प्युटर अपरेटर | श्री गौरव गुरुङ | २०७३।०२।१७ |

**प्रस्ताव नं. ३ को सम्बन्धमा**

राष्ट्रिय सूचना आयोगको आगामी आर्थिक वर्ष २०८१/८२ को प्रस्तावित बजेट तथा कार्यक्रमको सम्बन्धमा अहिलेको अवस्था बारेमा छलफल तथा जानकारी प्राप्त गरियो ।

**विविध**

विभिन्न समसामयीक विषयमा छलफल गरियो ।

**बैठक नं. २९४(३)५४**

**मिति २०८१।०२।०९**

**निर्णय**

**निर्णय नं. १**

प्रस्ताव नं. १ को सम्बन्धमा :

निवेदक रुप्सना कपालीको निवेदनको विवरण :

सरकारी कार्यालयहरूमा हुलाक तथा ईमेल मार्फत् पठाइएका निवेदनहरू प्राप्त भएपश्चात् निवेदकलाई दर्ता नम्बर तथा दर्ता मिति उपलब्ध हुँदैन । त्यसरी उपलब्ध हुने संयन्त्र नेपाल सरकारले बनाएको छैन ।

मैले विगत लामो समय देखि नेपाल सरकार तथा नेपाल सरकार अन्तर्गतका विभिन्न सरकारी निकायहरूमा निवेदन पत्रहरू पठाइरहेको हुन्छु । त्यसमा ईमेल तथा हुलाक दुबै माध्यम प्रयोग गरिरहेको हुन्छु । त्यसरी निवेदन पत्र पठाइसकेपछी निवेदन प्राप्त भएको, नभएको कुनै जानकारी नै आउँदैन ।

कुनै पनि सरकारी कार्यालयमा पठाइने कागजातहरूको दर्ता मिति तथा दर्ता नम्बर यकीन हुन निवेदकको लागि वाञ्छनीय रहन्छ । पछी गएर आफूले दिएको निवेदनमा केकस्तो कामकारवाही भयो, कुनै कामकारवाही भएको छ वा छैन भन्ने विषयमा जानकारी प्राप्त गर्न पनि दर्ता नम्बर तथा दर्ता मिति वाञ्छनीय हुन्छ ।

सबै नागरिकहरू सबै अवस्थामा सबै सरकारी कार्यालयमा उपस्थित भएरै निवेदन पत्र दिन सक्छ भन्ने हुँदैन। विज्ञान र प्रविधिको विकास भइसकेको आधुनिक युगमा प्रविधिको प्रयोगलाई अन्यथा भन्न सक्ने अवस्था पनि रहँदैन ।

संसदले विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ बनाई लागू गरिसकेको अवस्था समेत छ । यस ऐनमा प्रयुक्त विभिन्न प्रकारका प्रावधानहरूले नेपालमा विद्युतीय माध्यमबाट पठाइएका निवेदनहरूबाट पनि सरकारी निकायले कामकारवाही गर्न सक्ने अवस्था सृजना गरेको छ ।

त्यसै गरी आफूले कुनै सरकारी निकायमा निवेदन दिएको भन्ने व्यहोरा प्रमाणित हुने निस्सा पनि दर्ता नम्बर तथा दर्ता मिति हो । प्रमाण ऐन, २०३१ को दफा १४, ३५ जस्ता व्यवस्था अनुसार प्रमाणमा प्रयोग गर्नका लागि पनि दर्ता नम्बर तथा दर्ता मिति निवेदकका लागि वाञ्छनीय सूचना रहन्छ ।

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ८ बमोजिम नेपाल सरकारको प्रशासनिक कार्य छिटो छरितो ढङ्गले सञ्चालन गर्नु गराउनु सम्बन्धित पदाधिकारीको कर्तव्य हुने उल्लेख छ । सुशासन ( व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ को नियम २५ (च) बमोजिम सूचना प्रविधिको प्रयोगबाट सेवा वितरणका कार्यहरू छिटो, छरितो र प्रभावकारी तुल्याउने भन्ने उल्लेख गरिएको छ ।

नेपालको संविधानको धारा २७ बमोजिम प्रत्येक नागरिकलाई आफ्नो सरोकारको कुनै पनि विषयको सूचना पाउने हक छ । यस अनुसार आफूले सरकारी कार्यालयमा पठाएको निवेदन लगायतका कागजातको दर्ता नम्बर तथा दर्ता मितिको जानकारी पनि नागरिकको संविधान प्रदत्त सूचनाको हक हो । त्यसै गरी सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा (२) को (ख) बमोजिम "सूचना" भन्नाले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको कामसँग सम्बन्धित कुनै जानकारी सम्झनुपर्ने हुँदा नागरिकले हुलाक तथा ईमेलबाट पठाएको निवेदन दर्ता भएको भए दर्ता नम्बर तथा दर्ता मिति अथवा दर्ता नभएको भए दरपीठको सूचना प्राप्त गर्नु कानून प्रदत्त हक पनि हो ।

तसर्थ सरकारी कार्यालयहरूमा हुलाक तथा ईमेल मार्फत् पठाइएका निवेदनहरू उक्त सरकारी कार्यालयमा प्राप्त भएपश्चात् प्राप्त भएको भन्ने व्यहोराको जानकारी सहित दर्ता नं तथा दर्ता मिति पाउनु नागरिकहरूको सूचनाको हक हो ।

मैले यस विषयमा ध्यानाकर्षण गराई मिति नेपाल संवत् ११४४ सिला २ तदनुसार २०८० माघ ५ गते नेपाल सरकारलाई निवेदन दिएको थिएँ । तर उक्त निवेदनमा कुनै कामकारवाही भएको जानकारी प्राप्त भएन ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना आयोगको स्थापना भएको हो । ऐनको दफा ११ ले सूचनाको हकको संरक्षण, संवर्द्धधन र प्रचलन गर्ने कामका लागि यस आयोगको स्थापना गरेको हो । ऐनको दफा १९ ले यस आयोगको काम, कर्तव्य तथा अधिकार तोकेको छ । दफा १९ (घ) बमोजिम यस आयोगले समय किटान गरी सूचना दिन सम्बन्धित निकायलाई आदेश दिन सक्छ । दफा १९ (ङ) बमोजिम दायित्व पालना गर्न गराउन सम्बन्धित पक्षलाई आदेश दिन सक्छ। दफा १९ (च) बमोजिम नेपाल सरकार लगायतलाई सूचनाको हकको संरक्षण र प्रवर्द्धनका लागि आवश्यक सुझाव दिन वा सिफारिस गर्न सक्छ। दफा १९ (छ) बमोजिम सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलन गर्नको लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिन सक्छ ।

तसर्थ नेपाल सरकारको नाउँमा देहायका आदेश जारी गरिपाऊँ ।

१. कुनै पनि सरकारी कार्यालयमा हुलाक वा ईमेलबाट पठाइएको निवेदन लगायतका कागजात उक्त कार्यालयमा प्राप्त भए पछि सो निवेदन प्राप्त भएको मिति सहितको सूचना निवेदकलाई सात (७) दिन भित्र उपलब्ध गराउने व्यवस्था मिलाउनू ।
२. सो निवेदन दर्ता भएको खण्डमा दर्ता मिति तथा दर्ता नम्बर अन्यथा दरपीठको सूचना निवेदकलाई सात (७) दिन भित्र उपलब्ध गराउने व्यवस्था मिलाउनू ।
३. कार्यालयको मूल दर्ता शाखामा दर्ता भए पछि उक्त कार्यालयको पनि शाखा विशेष, विभाग विशेष वा कुनै हाँगा विशेषमा छुट्टै दर्ता हुने प्रावधान भएमा सो हाँगामा दर्ता भए पछि त्यहाँबाट पनि दर्ता मिति तथा दर्ता नम्बर अन्यथा दरपीठको सूचना निवेदकलाई सात (७) दिन भित्र उपलब्ध गराउने व्यवस्था मिलाउनू ।
४. ईमेलको हकमा कुनै पनि कार्यालयमा निवेदन दर्ता गर्नुपरेमा निवेदन पठाउने कुन ईमेलमा हो भन्ने स्पष्टसँग उक्त कार्यालयको वेबसाइटमा उल्लेख गर्ने व्यवस्था मिलाउनू ।

**आयोगको विश्लेषण तथा ठहर**

नेपालको संविधानको धारा २ मा नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित हुनेछ भनी उल्लेख भएको छ । नेपालको संविधान र प्रचलित कानूनहरुको अधिनमा रही सार्वजनिक निकायहरुले सर्वसाधारण नागरिकका हितमा विभिन्न कार्यहरु सम्पादन गर्ने गर्दछन् । साथै सार्वजनिक निकायहरुबाट प्रदान हुने सेवा वा वस्तु प्राप्त गर्न सर्वसाधारण नागरिकले सार्वजनिक निकायहरुमा आवेदन गर्ने व्यवस्था रहेको छ । सर्वसाधारण नागरिकले सार्वजनिक निकायमा आवेदन गर्दा आफै उपस्थित भएर, हुलाकमार्फत, फ्याक्स, इमेल तथा प्रचलित अन्य माध्यमहरुको प्रयोग गर्ने गरेका छन् । सूचना प्रविधिको विकास सँगसँगै सार्वजनिक निकायहरुले आफ्नो कृयाकलापलाई सहज र सरल बनाउन सूचना प्रविधिको प्रयोग बढाउँदै लगेका छन् । सूचना प्रविधिमा ठूलो लगानी पनि भैरहेको छ । परम्परागत रुपमा आवेदन पेश गर्दा सबै सार्वजनिक निकायले आवेदन दर्ता गरी दर्ता नम्बर दिने प्रचलन र कानूनी व्यवस्था रहेको छ । सूचना प्रविधिको प्रयोग बढ्दै जाँदा सार्वजनिक निकायले मात्र नभै सर्वसाधारण नागरिकले पनि अनलाईन सेवा वा इमेल मार्फत आवेदन दिने प्रचलन बढ्दै गरेको छ । यसरी सूचना प्रविधिको प्रयोगसँगै इमेल मार्फत वा अनलाइन कारोवार गर्दा सार्वजनिक निकायले सर्वसाधारणको आवेदन दर्ता भएको र आवेदन उपर भएको कारबाही बारेमा इमेल वा अनलाईन वा अन्य माध्यम मार्फत नै जानकारी दिने विषयलाई त्यति प्रभावकारी बनाउन सकिएको अवस्था देखिँदैन । नेपाल सरकार वा सार्वजनिक निकायहरुले कार्य सम्पादन गर्ने कार्य सञ्चालन कार्यविधि परिमार्जन गरी यस्तो व्यवस्था गर्न आवश्यक भैसकेको छ । कतिपय सार्वजनिक निकायले प्रचलनमा ल्याएका सूचना प्रविधि प्रणालीले त्यस्तो कार्य सम्पादन गरेका पनि छन् । जस्तै पासपोर्ट आवेदन, राष्ट्रिय परिचय पत्र आवेदन, ड्राइभिङ्ग लाइसेन्स आवेदन जस्ता विषयहरुमा एसएमएस (SMS), इमेलबाट जानकारी दिने व्यवस्था प्रभावकारी रुपमा सम्पादन भैरहेको अवस्था छ ।

यस अवस्थामा आवेदकले यस आयोगमा पेश गरेको निवेदनमा उल्लेखित विषयहरु सान्दर्भिक र उपयुक्त देखिन्छ । सर्वसाधारण नागरिक प्रति जिम्मेवार हुनु पर्ने सार्वजनिक निकायले आफ्नो प्रणाली स्थापना गर्दा वा बनाउँदा सर्वसाधारणलाई सूचित, सरल र सहज बनाउन प्रयास गर्नु पर्ने हुन्छ । यो विषय सार्वजनिक निकायको दायित्व भित्र नै पर्ने विषय हो । आवेदन चाहे इमेलबाट प्राप्त होस वा हुलाकबाट प्राप्त होस वा अन्य कुनै माध्यमबाट प्राप्त होस त्यसको अभिलेख राखी दर्ता नम्बर उपलब्ध गराउनु पर्ने दायित्व स्वाभाविक रुपमा सार्वजनिक निकायले पूरा गर्न आवश्यक र जरुरी रहेको छ ।

उल्लेखित विषयको कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम देहायको कार्य गर्न गराउन संघीय सार्वजनिक निकायका हकमा नेपाल सरकारका मुख्य सचिव मार्फत, प्रदेशका सार्वजनिक निकायका हकमा प्रदेश सरकारका प्रमुख सचिव मार्फत र स्थानीय तहका सार्वजनिक निकायका हकमा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत मार्फत आदेश गर्ने ।

१. सर्वसाधारण नागरिकले सूचना माग सम्बन्धी निवेदन आफै, वारिस मार्फत, हुलाक मार्फत, इमेल मार्फत वा अन्य उपलब्ध जुनसुकै माध्यमबाट पेश गरेता पनि त्यस्तो निवेदन दर्ता गरी दर्ता नम्बर आवेदकलाई उपलब्ध गराउने अनिवार्य व्यवस्था गर्नू ।
२. नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा अन्य सार्वजनिक निकायले पनि कार्य सञ्चालन सम्बन्धी कार्यविधि, नियम, निर्देशिका र कानून निर्माण गर्दा प्रविधिका कारण विकसित भएका माध्यम

वा प्रणालीलाई पनि समावेश गरी सूचना माग सम्बन्धी निवेदन दर्ता गर्ने गराउने व्यवस्था गर्नु गराउनू।

३. सार्वजनिक निकायहरु विस्तारै सूचना प्रविधिको माध्यमबाट स्वचालित प्रणालीमा गइरहेको अवस्थामा सूचना मागसम्बन्धी निवेदन जुनसुकै माध्यमबाट प्राप्त भएता पनि त्यस्तो स्वचालित प्रणालीमा दर्ता हुने र स्वतः दर्ता नम्बर सृजना र निवेदकलाई उपलब्ध गराउने प्रणाली राख्ने व्यवस्था गर्नु गराउनू ।

४. सूचना प्रविधिको बढ्दो प्रयोगसँगै सार्वजनिक निकायहरुमा इमेलको प्रयोग अनिवार्य भएको र सुशासनको हिसाबबाट पनि इमेलको माध्यमबाट निवेदन लिने व्यवस्था गर्नु वान्छनीय ठहर्छ । यसका लागि प्रत्येक सार्वजनिक निकायले सर्वसाधारण नागरिकले सूचना माग गर्दा प्रयोग गर्ने इमेल अनिवार्य रुपमा आफ्नो वेबसाइटमा राख्न लगाउनु, यस आयोगको कार्यविधि तथा पूर्व आदेशमा उल्लेख भए बमोजिम suchanaadhikari@……gov.np प्रयोग गर्न प्रोत्साहन गर्नु गराउनू ।

५. सूचना माग गर्ने सर्वसाधारण नागरिकलाई सूचना उपलब्ध गराउँदा सम्भव भएसम्म इमेल, हुलाक वा अन्य सहज माध्यमको प्रयोग गरी सूचना उपलब्ध गर्न गराउन लगाउनू ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ को सम्बन्धमा राष्ट्रिय सूचना आयोग र श्रीलंकाको RIGHT TO INFORMATION COMMISSION, SRI LANKA बीचमा गर्न प्रस्ताव गरिएको आपसी सहयोग सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) मा श्रीलंकाको सूचना आयोग तथा श्रीलंका सरकारको स्वीकृति रहेको (केही संशोधन सहित) MOU को अन्तिम मस्यौदा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको च. नं. प्रशासन २७४० मिति २०८१।०२।०५ को पत्रसाथ प्राप्त भएको विषयमा छलफल भयो । श्रीलंका सरकारको तर्फबाट प्राप्त संशोधनका प्रस्तावहरुका बारेमा पनि बुँदागत रुपमा छलफल भयो । प्राप्त बुँदाहरुमा सहमत हुनु नपर्ने वा समझदारी पत्रमा त्यस्तो तात्विक रुपमा फरक पर्ने कुनै विषय नदेखिएकोले परिमार्जित सम्झौता पत्र (MOU) स्वीकृत गरी नेपाल सरकारको स्वीकृतिका लागि पठाउने निर्णय भयो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ को सम्बन्धमा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको प्रस्ताव सम्बन्धमा छलफल भयो । बाँकी कार्यक्रमहरु समयभित्र सम्पन्न गर्ने निर्णय गरियो ।

**विविध**

१. मनसुन शुरु हुने बेला भएको छ । प्रत्येक वर्ष मनसुनको समयमा हुने बाढी-पहिरोका कारण जनधनको क्षति र भौतिक पूर्वाधारमा पर्ने गरेको क्षतिका कारण सर्वसाधारण नागरिकलाई गम्भीर असर पर्ने गरेको छ । यस वर्ष पनि मनसुन शुरु हुन लागेको र यस वर्ष थप वर्षा हुने तथा तापक्रम बढी रहने प्रक्षेपण भएको विषय पनि जानकारीमा आएको छ । समय मै उक्त विषयहरु लगायत सार्वजनिक निकायहरुले सचेत रहन गर्न सक्ने तैयारीका सम्बन्धमा सर्वसाधारण नागरिकलाई सुसूचित गराउन सकिएमा बाढी-पहिरोबाट हुन सक्ने जनधनको क्षतिलाई कम गर्न सकिन्छ । यस्ता विषयहरुमा सर्वसाधारणलाई सूचना दिने प्रणालीको विकास तथा सञ्चालन गर्न उपयुक्त हुने देखिन्छ । कतिपय सार्वजनिक निकायहरुले पूर्व तयारी गरिरहेको विषय पनि जानकारीमा आइरहेको छ । तसर्थ यस्ता विषयमा भइरहेको तयारी र विगतमा यस्ता प्रयासबाट भएको उपलब्धिका बारेमा देहाय बमोजिमका निकायबाट ७ (सात) दिनभित्र विस्तृत विवरण माग गर्ने निर्णय गरियो ।

    १. गृह मन्त्रालय
    २. उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
    ३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
    ४. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
    ५. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
    ६. राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
    ७. जल तथा मौसम विज्ञान विभाग

२. सार्वजनिक निकाय तथा सूचना मागकर्ताका लागि तयार भएको सहयोगी पुस्तिका अंग्रेजीमा उल्था गर्ने कार्य भइरहेको सन्दर्भमा कम्तिमा २००/२०० प्रति छपाई समेत गर्ने व्यवस्था हुन The Asia Foundation/CSM मा अनुरोध गर्ने ।

३. भदौ ३ मा हुने राष्ट्रिय सूचना दिवस सम्बन्धी कार्यक्रम र सेप्टेम्बर २८ मा हुने सूचनाको हकमा विश्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवस सम्बन्धी कार्यक्रम आयोजना गर्न आवश्यक पर्ने सहयोग गर्ने व्यवस्थाका लागि The Asia Foundation/CSM मा अनुरोध गर्ने ।

## बैठक नं. २९५(३)५५

## मिति २०८१।०२।१८

## निर्णय

**निर्णय नं. १**

प्रस्ताव नं. १ को सम्बन्धमा Albania को Tirana मा यही जुन ३ देखि ५ सम्म सूचना आयुक्तहरुको अन्तर्राष्ट्रिय वार्षिक सम्मेलन हुन गइरहेको र सम्मेलनको कार्यसूची अनुसार सम्मेलन अगावै जुन २ अर्थात जेठ २० गतेभित्र (ICIC) समितिको अध्यक्ष र २ जना सदस्यका लागि अनलाईन भोटिङ्गका माध्यमबाट निर्वाचनमा मतदान गरिसक्नु पर्ने व्यवस्था रहेको छ । उक्त निर्वाचनमा कार्यकारी अध्यक्षका लागि Mexico र Sierra Leone उम्मेदवार रहेको र सदस्यका लागि Australia, Azerbaijan, France, Kenya, Scotland, United States उम्मेदवार रहेको छ । उक्त सूचीमा नेपालको तर्फबाट कार्यकारिणी समितिको अध्यक्षका लागि र सदस्य २ का लागि १/१ मत प्रदान गर्न सकिने र उक्त मतदान विद्युतिय माध्यमबाट देखि जुन २ सम्म गरिसक्नु पर्ने भएको हुँदा अध्यक्ष र सदस्यका हकमा कुन कुन देशको लागि मतदान गर्न उपयुक्त हुने सम्वन्धमा आवश्यक निर्देशन हुन यस आयोगको च. नं. ५४३ मिति २०८१।०१।२५ को पत्रबाट सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार समक्ष अनुरोध गरिएकोमा परराष्ट्र मन्त्रालयको च. नं. १०७५२ मिति २०८१।०२।१८ को पत्र मार्फत प्राप्त राय अनुसार मतदान गर्ने निर्णय गरियो ।

**विविध**

विविध प्रस्ताव उपर छलफल गर्दा आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तोकिएको लक्ष्य बमोजिमका कार्यक्रमहरु सम्पन्न भइसकेपश्चात् कुनै कार्यक्रमहरुमा केही बजेट खर्च हुन बाँकी देखिएको हुँदा बाँकी बजेट सोही शीर्षक अन्तर्गतका थप कार्यक्रम गर्न आवश्यक भएकोले थप कार्यक्रम गर्ने निर्णय गरियो ।

## बैठक नं. २९६(३)५६

## मिति २०८१।०२।३२

## निर्णय

**निर्णय नं. १**

प्रस्ताव नं. १ को सम्बन्धमा आर्थिक वर्ष २०८१/८२ को स्वीकृत बजेट तथा कार्यक्रम र कार्यक्रम कार्यान्वयन कार्ययोजना बारेमा सचिवालयबाट प्रस्तुत भएको विवरण बारेमा छलफल भयो । स्वीकृत कार्यक्रम मध्ये सफलताको कथा सम्बन्धी विवरण संकलन यहि आर्थिक वर्षको असारमा प्रारम्भ गर्ने भएकोले संकलन कार्यका लागि सूचना निकाल्ने । स्वीकृत कार्यक्रमहरु सञ्चालन गर्ने सम्बन्धमा सञ्चालन तथा सुपरीवेक्षणका लागि आयुक्तहरुको जिम्मेवारी बाँडफाँड संलग्न विवरण बमोजिम गर्ने ।

आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रम सञ्चालन गर्न गराउन संयोजन गर्ने जिम्मेवारी

| क. सं. | कार्यक्रमको नाम | समन्वय गर्ने पदाधिकारीको पद र नाम |
|---|---|---|
| १. | जिल्लास्थित कार्यालयहरुसँग अन्तक्रिया | प्रमुख सूचना आयुक्त |
| २. | सूचनाको हकमा महिला | सूचना आयुक्त, कमला ओली थापा |
| ३. | स्थानीय तहमा कार्यक्रम | प्रमुख सूचना आयुक्त |
| ४. | नेपाल टेलिभिजन | प्रमुख सूचना आयुक्त |

| | | |
|---|---|---|
| ५. | रेडियो नेपाल | सूचना आयुक्त, कमला ओली थापा |
| ६. | गोरखापत्र | सूचना आयुक्त, रत्नप्रसाद मैनाली |
| ७. | सफलताको कथा | सूचना आयुक्त, रत्नप्रसाद मैनाली |
| ८. | वार्षिक प्रतिवेदन लेखाई | सूचना आयुक्त, रत्नप्रसाद मैनाली |
| ९. | आरटिआई अडिट | सूचना आयुक्त, कमला ओली थापा |
| १०. | सूचनाको हकका लागि राष्ट्रिय महासंघ | सूचना आयुक्त, कमला ओली थापा |
| ११. | नेपाल पत्रकार महासंघ | सूचना आयुक्त, रत्नप्रसाद मैनाली |
| १२. | सूचना दिवस | सूचना आयुक्त, रत्नप्रसाद मैनाली |
| १३. | अन्तरराष्ट्रिय दिवस | सूचना आयुक्त, कमला ओली थापा |
| १४. | आयोग स्थापना दिवस | प्रमुख सूचना आयुक्त |
| १५. | बुलेटिन प्रकाशन | सूचना आयुक्त, रत्नप्रसाद मैनाली |
| १६. | आरटिआई जर्नल | सूचना आयुक्त, रत्नप्रसाद मैनाली |
| १७. | विद्यालय अभिमुखीकरण कार्यक्रम | सूचना आयुक्त, कमला ओली थापा |
| १८. | प्रदेशस्तरीय अन्तरक्रिया | प्रमुख सूचना आयुक्त |
| १९. | राजनीतिक दलसँगको अन्तरक्रिया | प्रमुख सूचना आयुक्त |
| २०. | आयोगका फैसलाहरुको डिजिटाइजेशन | सूचना आयुक्त, कमला ओली थापा |
| २१. | आयोगका आदेशहरुको संगालो | सूचना आयुक्त, रत्नप्रसाद मैनाली |
| २२. | मन्त्रालय, विभागका सूचना अधिकारीसँग | प्रमुख सूचना आयुक्त |
| २३. | न्यायाधिशहरूसँग अन्तरक्रिया | सूचना आयुक्त, कमला ओली थापा |

**निर्णय नं. २**

प्रस्ताव नं. २ को सम्बन्धमा जल तथा मौसम विज्ञान विभागका अनुसार नेपालमा मनसुन सुरु भइसकेको छ। मनसुन अवधिमा नेपालभर निरन्तर वर्षा हुने गर्दछ । राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार सामान्यतया नेपालमा हुने कूल वर्षाको लगभग ८० प्रतिशत मनसुनी वर्षाको रूपमा जेठदेखि असोजसम्मको चार महिनाको अवधिमा हुने गर्दछ। यसरी छोटो अवधिमा निरन्तर र ठूलो मात्रामा वर्षा हुँदा प्रत्येक वर्ष हुने विपदका घटनाका कारण नेपालमा बर्षेनी ठूलो मात्रामा जनधन तथा भौतिक संरचनाको क्षति हुने गरेको छ । मनसुनको अवधिमा बाढी, पहिरो तथा भारी वर्षा हुने गरेको छ । साथै यही अवधिमा मनसुनकै कारण वा अन्य कारणबाट पनि झाडापखालाजस्ता पानीजन्य, सर्पदंश, डेङ्गु, मलेरियालगायत किटजन्य प्रकोप बढ्ने गर्दछ ।

बाढी पहिरोबाट विस्थापित हुने परिवार, झाडापखालाजस्ता पानीजन्य रोगबाट प्रभावित परिवार तथा भौतिक संरचनामा हुने नोक्सानीबाट प्रभावित यातायात तथा सञ्चारलगायतका क्षेत्रमा तत्काल पुनर्स्थापना र राहतका कार्यहरू गर्नुपर्ने हुन्छ। यसका लागि नेपाल सरकार तथा स्थानीय तहका विभिन्न निकायहरूमार्फत् पूर्वतयारीका कार्य भइरहेका छन्। यसरी भइरहेको तयारी तथा विपदका बारेमा बेलैमा सम्पर्क गर्ने, विपदको समयमा सुरक्षित रहन गर्नु पर्ने र सावधानी अपनाउनु पर्ने विषय तथा गर्न नहुने कार्यबारे समयमै सर्वसाधारण नागरिकका तहमा पुऱ्याउन सकियो भने मात्र जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ भन्ने विश्वास आयोगको रहेको छ।

यसै सन्दर्भमा सम्बन्धित निकायहरूलाई तयारी तथा सूचना प्रवाह गर्ने प्रणालीका बारेमा विवरण पठाउन पत्राचार गरिएकोमा केही निकायले विवरण उपलब्ध गराइसकेको अवस्था छ । उपलब्ध कागजात तथा विवरणहरूको अध्ययन तथा विश्लेषण गर्दा नेपाल सरकार गृह मन्त्रालय, उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव, जल तथा मौसम विज्ञान विभागका महानिर्देशक, राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुखका नाममा

देहायबमोजिम गर्न गराउन सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम आदेश जारी गर्ने निर्णय गरिएको छ ।

क. मनसुनजन्य विपदका बारेमा सर्वसाधारण नागरिकले बुझ्ने भाषामा अर्थात् नेपालको संविधानको धारा ६ तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ४ को उपदफा (३) बमोजिम विभिन्न राष्ट्र भाषामा प्रचारप्रसार गर्ने गराउने ।

ख. विपदका समयमा विपद आउनु अगावै सर्वसाधारण नागरिकलाई दिन सकिने पूर्व सूचना प्रणालीका बारेमा के-कसरी प्रयोग उपयोग गर्ने बारेमा जानकारी दिने ।

ग. विपदका समयमा सम्पर्क गर्ने, गर्न सकिने, सम्पर्क व्यक्ति, सम्पर्क नम्बर सर्वसाधारण नागरिकले थाहा पाउने गरी जानकारी दिने व्यवस्था गर्ने ।

घ. विपदमा परेका सर्वसाधारण नागरिकले राहत वा स्वास्थ्य उपचारका लागि सम्पर्क गर्ने व्यक्ति तथा सम्पर्क नम्बरका बारेमा जानकारी गराउने ।

ङ. विपदका समयमा भएका उल्लेखित व्यवस्थाहरूका बारेमा सञ्चारमाध्यम, विद्यालय तथा अन्य संस्थाहरूमार्फत् पनि व्यापक रुपमा प्रचार-प्रसार गर्ने ।

च विपद तयारी तथा अन्य आवश्यक विषयवस्तुका बारेमा विभिन्न सञ्चार माध्यम, सामाजिक सञ्जाल तथा उपलब्ध हुन सक्ने अन्य माध्यमहरुको उपयोग गरी सर्वसाधारण नागरिकसम्म पुऱ्याउने ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ को सम्बन्धमा यस आर्थिक वर्षमा बाँकी भएका कार्यक्रमहरु समय मै सम्पन्न गर्ने गरी सचिवालयबाट प्राप्त राय बमोजिम गर्ने ।

## बैठक नं. २९७(३)५७

## मिति २०८१।०३।१४

## निर्णय

**निर्णय नं. १**

१. आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा गत वर्षबाट दोहोरिएका कार्यक्रमहरुका लागि गठीत समितिहरु यथावत रहने गरी नयाँ कार्यक्रमहरु कार्यान्वयनका लागि मिति २०८१।०२।१८ को आयोगको बैठकबाट आयुक्तहरुको कार्यविभाजन भए बमोजिम देहाय बमोजिमको समिति बनाउने ।

क. **सफलताका कथा**

| | |
|---|---|
| सूचना आयुक्त, रत्नप्रसाद मैनाली | - संयोजक |
| सचिव | - सदस्य |
| उपसचिव (योजना) | - सदस्य |
| को. ले. नि. का. (प्रतिनिधि) | - सदस्य |
| शा. अ. (प्रशासन) | - सदस्य |
| ले. अ./ले. पा. | - सदस्य |

ख. **आयोगको फैसला डिजिटाइजेशन**

| | |
|---|---|
| सूचना आयुक्त, कमला ओली थापा | - संयोजक |
| सचिव | - सदस्य |
| उपसचिव (पुनरावेदन) | - सदस्य |
| सञ्चार तथा सूचना प्रविधि मन्त्रालय (प्रतिनिधि) | - सदस्य |
| शा. अ. (पुनरावेदन) | - सदस्य |
| ले. अ./ले. पा. | - सदस्य |

ग. **आयोगको आदेशहरुको संगालो**

| | |
|---|---|
| सूचना आयुक्त, रत्नप्रसाद मैनाली | - संयोजक |
| सचिव | - सदस्य |
| उपसचिव (प्रशासन) | - सदस्य |
| सञ्चार तथा सूचना प्रविधि मन्त्रालय (प्रतिनिधि) | - सदस्य |
| शा. अ. (योजना) | - सदस्य |
| ले. अ./ले. पा. | - सदस्य |

**निर्णय नं. २**

सूचनाको हकका लागि राष्ट्रिय महासंघको मिति २०८१।०३।०४ मा प्रकाशित प्रेश विज्ञप्तिमा उल्लेख भएको महासघसँग आवद्ध अभियन्ताहरुलाई सूचना मागेकै कारण बौद्ध महानगरीय प्रहरी वृतबाट खटिएका प्रहरीले पक्राउ गरी हालसम्म पनि हिरासतमा नै राखिएको विषयमा यस अयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस विषयमा सत्यतथ्य छानवीन गरी यस आयोगमा जानकारी गराउन जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्रमुख जिल्ला अधिकारीलाई मिति २०८१।०३।०४ मा पत्र लेखिएकोमा हालसम्म कुनै जानकारी प्राप्त भएको देखिएन ।

नेपालको संविधानको धारा २७ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले सूचनाको हकसम्बन्धी अधिकार प्रयोग गर्न गराउन प्रत्येक नेपाली नागरिकलाई प्रत्याभुत गरेको संबैधानिक र कानूनी अधिकारको विषय हो ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ४ को उपदफा (३) को खण्ड (ख) ले सूचनामा आम नागरिकको पहुँच सरल र सहज बनाउने दायित्य सार्वजनिक निकायको हुने व्यवस्था गरेको छ । यसर्थ सूचनाको हकसम्बन्धी अधिकार प्रयोग गरेवापत कुनै पनि नेपाली नागरिकलाई अवरोध वा बञ्चित गर्न संवैधानिक तथा कानूनी रुपमा वर्जित विषय हो । अतः सूचना माग गरेको कारणबाट सूचना मागकर्तालाई प्रहरीले हिरासतमा राखेको हो भने त्यस्तो कृयाकलाप नेपालको संविधान र कानून विपरीत हुन पुग्दछ र त्यस्तो कृयाकलाप गर्ने सार्वजनिक निकायका पदाधिकारी वा कर्मचारीले कानूनी कारवाही भोग्नु पर्ने अवस्था आउन सक्ने तर्फ आयोग ध्यानाकर्षण गराउन चाहन्छ ।

यस विषयमा अविलम्व छानबिन गरी सूचनाको हक प्रयोग गरेकै कारणबाट निजहरुलाई हिरासतमा राखिएको अवस्था भए सम्बन्धित पदाधिकारी तथा कर्मचारी उपर विभागीय कारवाही गरी जानकारी गराउन गृह मन्त्रालयका सचिवलाई र के कस्को जाहेरीबाट यसरी पक्राउ गर्न परेको भन्ने बारेमा परेको जाहेरीको प्रतिलिपी र अनुसन्धानमा असर नपर्ने गरी अन्य कागजातहरु उपलब्ध गराउने व्यवस्था गर्न प्रहरी महानिरीक्षकलाई लेखि पठाउने । यस विषयमा आवश्यक समन्वय र सहजीकरण गर्न यस आयोगका आयुक्त कमला ओली थापा र उपसचिव सुदर्शन ढकाललाई जिम्मेवारी दिने ।

३. **विविध**

**निर्णय नं. १**

यस आर्थिक वर्षमा एशिया फाउण्डेशनको सहयोगमा गरिने कार्यक्रमहरु मध्ये आरटिआई क्याम्प सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने भनिएका सहयोगी संस्थाहरु मध्ये कतिपयले कार्यक्रम नगर्ने भनेको सन्दर्भमा कार्यक्रम गर्न चाहने संस्थाले तोकिएको २ भन्दा बढी कार्यक्रम पनि गर्न दिने व्यवस्था मिलाउन एशिया फाउण्डेशनलाई अनुरोध गर्ने निर्णय गरियो

## १५. आयोगको वेवसाइट :

यस राष्ट्रिय सूचना आयोगको वेबसाइट www.nic.gov.np रहेको छ ।

## १६. आयोगले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:

- कुनै सम्झौता नभएको

**१७. आयोगले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः**

- आयोग स्थापना दिवस
- सूचनाको हकमार्फत महिला सशक्तीकरण अन्तरक्रिया कार्यक्रम, हेटौँडा
- सिन्धुली जिल्लामा जिल्लास्तरीय अभिमुखीकरण कार्यक्रम
- मेलम्ची स्थित इन्द्रेश्वरी मा. वि. का विद्यार्थीका लागि विद्यालयस्तरीय सूचनाको हकको अभिमुखी कार्यक्रम ।
- मकवानपुरको हेटौँडा क्याम्पसको सभाहलमा श्री भुटनदेवी मा. वि., श्री आधुनिक राष्ट्रिय मा. वि., श्री श्रमिक मा. वि. का विद्यार्थीका लागि विद्यालयस्तरीय सूचनाको हकको अभिमुखी कार्यक्रम ।
- १५ औँ International Conference of Information Commissioners को सम्मेलनमा सहभागिता

**१८. आयोगले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावलीः** सबै सूचना खुल्ला रहेको ।

**१९. आयोगमा परेका सूचना माग सम्बन्धी निवेदन : २ वटा ।**

**२०. यस आयोगबाट निम्न प्रकाशन, प्रकाशन गरी वितरण भएको छ ।**

१ बार्षिक प्रतिवेदन २०६५/०६६-२०७९/०८० सम्म
२ सचित्र पुस्तिका
३ खुल्ला सरकारी तथ्याङ्क (Open Government Data - OGD) सम्वन्धी प्रतिवेदन
४ Guidelines of Public Information Officers (PIOS)
५ आयोगका जानकारीमूलक ब्रोसियर
६ National Startegic Plan of Action (NSPA) 2073, 2074, 2075
७ Right to Information (RTI) Journal
८ Proactive Disclosure Management System (PDMS) Guidebook
९ Management Information System (MIS) Guidebook
१० सूचनाको सन्देश (पाठ्यसामग्री)
११ शिक्षक स्रोत सामग्री (सूचनाको हक र सुशासन)
१२ अनुगमन तथा मूल्यांकन प्रतिवेदन- २०७५
१३ सफलताका कथा २०७३, २०७४, २०७५
१४ विभिन्न वर्षमा आयोगबाट भएका मुख्य मुख्य आदेशहरू

**प्रस्तुत विवरण आयोगका बेवसाईट www.nic.gov.np मा हेर्न सकिने छ ।**

फोन नं ०१-४५९६५४४, ४५९३९८४
इमल : info@nic.gov.np
वेबसाईट : www.nic.gov.np
https://www.facebook.com/rtinepal
https://twitter.com/suchanaayog